म.प.बै.सं. १५।०८०

## संवत् २०८० साल पुस ६ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. खेलकुद तथा समाज कल्याण मन्त्रालयः खेलकुद तथा समाज कल्याण मन्त्रालय अन्तर्गत पर्ने कार्यालय, केन्द्र र इकाईको बजेट तथा कार्यक्रम हस्तान्तरण एवं प्रविष्टि गर्न स्वीकृति प्रदान गर्ने ।
२. गृह, सञ्चार तथा कानुन मन्त्रालयः हमासको आक्रमणमा परी ज्यान गुमाएका धनुषाको लक्ष्मीनिया गा.पा.-४ का आनन्द साहको बुवा सोमन साहलाई रु. पाँच लाख आर्थिक सहयोग दिने ।
३. गृह, सञ्चार तथा कानुन मन्त्रालयः मधेश भवन परिसर (ज.चु.का.लि) सुरक्षा निर्देशिका, २०८० स्वीकृत गर्ने ।
४. भौतिक पूर्वाधार विकास मन्त्रालयः प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम (PLRIP) संचालनका लागि मधेश प्रदेश सरकार लागत साझेदारी गर्ने र सो सम्बन्धी सम्झौता/सहमतिमा हस्ताक्षर गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिवलाई अधिकार प्रत्यायोजन गर्ने ।
५. प्रदेश सरकार अन्तर्गतका मन्त्रालयले निःशुल्क वितरण गर्ने औषधी, लत्ताकपडा एवं कृषिजन्य उपकरण लगायतका जीवनोपयोगी सामग्रीहरुमा अनिवार्य रुपले "मधेश प्रदेश सरकारद्वारा निःशुल्क वितरित" भनी प्रष्ट देखिने गरी उल्लेख गर्न सबै मन्त्रालयलाई निर्देशन दिने ।"
६. शिक्षा विकास इकाइ स्थापना तथा संचालन (पहिलो संशोधन) निर्देशिका, २०८०" स्वीकृत गर्ने ।
७. प्रदेश निजामती सेवा ऐन, २०७७ र प्रदेश निजामती सेवा नियमावली, २०७९ मा समसामायिक संशोधन गर्नुपर्ने भएकोले सो प्रयोजनका लागि कार्यदल गठन गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धी विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

म.प.बै.सं. १६।०८०

**संवत् २०८० साल पुस २६ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः मधेश प्रदेश सरकारको प्रशासनिक भवनका लागि जग्गा लिजमा लिन तथा विस्तृत परियोजना प्रस्ताव (DPR) गर्ने ।

२. गृह, सञ्चार तथा कानुन मन्त्रालयः प्रत्येक वर्ष माघ ३ (तीन) गत्तेको दिनलाई प्रदेशको नामाकरण तथा स्थायी राजधानी घोषणा भएको सम्झनास्वरुप "मधेश स्वाभिमान दिवस" को रुपमा हर्षोल्लासका साथ मनाउने र सोको लागि मधेश प्रदेश विनियोजन ऐन, २०८० को अधीनमा रही अर्थ मन्त्रालयले बजेट व्यवस्थापन गर्ने ।

३. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः प्रदेश सहकारी नियमावली, २०८० स्वीकृत गर्ने ।

४. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः कोभिड -१९ को कारणले मृत्यु भएका स्वास्थ्यकर्मीहरुको परिवारलाई क्षतिपूर्ति रकम बापत लाग्ने रकम अर्थ मन्त्रालयले निकासा दिने सम्बन्धमा मधेश प्रदेश विनियोजन ऐन, २०८० को अधिनमा रही अर्थ मन्त्रालयले बजेट व्यवस्थापन गर्ने ।

५. शिक्षा तथा संस्कृति मन्त्रालयः मधेश प्रज्ञा प्रतिष्ठानको सांगठनिक संरचना र दरबन्दी तेरीज स्वीकृत गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धी विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।